मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप
वागमती प्रदेश, नेपाल

फोनः-०४८-५४०११२

प.सं.:-०७७/७८
च.नं.:- ३४४

## युवा उद्यम कार्यक्रम सञ्चालन गर्न प्रस्तावपत्र पेश गर्ने सम्वन्धी सूचना ।

**(प्रथम पटक प्रकाशित मिति : २०७७०५।२८)**

मन्थली नगरपालिकाको चालु आ.व.२०७७/७८ को स्वीकृत कार्यक्रम अनुसार युवा उद्यम कार्यक्रम सञ्चालन गर्न इच्छुक तोकिएको योग्यता पुगेका युवा उद्यमीहरुको साझेदारी फर्म/उद्योग/समुहहरुले आवश्यक कागजात सहित मन्थली नगरपालिकाको युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका २०७६ को अनुसूचि २ र ३ मा तोकिए वमोजिमको ढाँचामा निवेदन र व्यवसायिक योजना तयार गरी प्रस्तावपत्र सहित यो सूचना प्रकाशित भएको मितिले ३० (तिस) दिनभित्र कार्यालय समयमा रित पुर्वक प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**क) प्रस्ताव पेश गर्न सकिने उद्यमक्षेत्रहरु :**

१. कृषि तथा पशुपंक्षीमा आधारित उद्यम व्यवसाय,
२. वन (जडिवुट्टी, वन पैदावर) आधारित उद्यम व्यवसाय,
३. विज्ञान तथा सूचना प्रविधि र सञ्चारमा आधारित उद्यम व्यवसाय,
४.पर्यटन प्रवर्द्धन (होटल, होमस्टे, रिसोर्ट) मा आधारित उद्यम व्यवसाय,
५. निर्माणमा आधारित उद्यम व्यवसाय,
६.हस्तकला, मुर्तिकला, चित्रकलामा आधारित उद्यम व्यवसाय,
७. संस्कृति, साहित्य, श्रृजना, गित संगितमा आधारित उद्यम व्यवसाय,

**ख) योग्यता : देहायको योग्यता पुगेका युवा उद्यमी फर्म/उद्योग/समुहले मात्र निवेदन दिन सक्नेछन् :**

१. मन्थली नगरपालिकाको कुनै एक वडा भित्रका ५ देखि १० जना १६ वर्ष पुरा भई ४० वर्ष ननाँघेका बेरोजगार युवाहरु सम्मिलित प्रचलित कानुन वमोजिम दर्ता/नविकरण भएको,
२. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको
३. सरकारी चलअचल सम्पतिको दुरुपयोग वा हानी नोक्सानी नगरेको,
३. कम्तीमा आधारभुत तह (कक्षा ८) उतिर्ण गरेका ५० प्रतिशत महिला युवाहरु सदस्य भएको,
४. युवा हक हित संरक्षण र संवर्द्धनको क्षेत्रमा काम गर्ने उद्देश्य भएको,
५. कालो सूचीमा नपरेको,
६. मानसिक सन्तुलन ठीक भएको ।

**ग) प्राथमिकता :**

१.मेडपा, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद, व्यावसायिक सीप विकास तालिम केन्द्र आदि जस्ता उद्यम सम्बन्धी तालिम प्रदायक संस्थाबाट तालिम प्राप्त गरेका युवाहरु सम्मेलित फर्म/उद्योग/समुह,
२. सिमान्तकृत तथा उद्यमी युवाहरु भएको ।

**घ) छनौट गरिने युवा फर्म/उद्योग/ समुह संख्या : ३**

**ङ) उपलब्ध हुने बजेट :**

छनौट भएका प्रत्येक युवा फर्म/उद्योग/व्यवसाय/ समुहलाई रु. ५००००० ।-(पाँचलाख रुपैया) (निर्ब्याजी ऋण) ।

**च. निवेदन र कार्ययोजनाको ढाँचा यस नगरपालिकाको वेभसाइट : www.manthalimun.gov.np बाट युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका २०७६ डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।**